# नेपालको महिला आन्दोलनको इतिहास र वर्तमान अवस्था

***मीना ओझा****

**सारांश**

*महिलाले आफ्नो पहिचान र अधिकारको खोजी गर्न पाउनु नैसर्गिक अधिकार हो । आफ्नो अधिकारसँगै गाँसिएको मौलिकता र मौलिकताको खोजी गर्ने अधिकारको सदुपयोग गर्न पाउन अर्को महत्त्वपूर्ण पक्ष हो । नेपाली महिलाले पनि आफ्नो नामका अगाडि वीर, वीरङ्गाना र विदुषी विशेषण अङ्कित गराउन सफलता प्राप्त गरेको प्रसङ्ग महिला आन्दोलनबाट भएको इतिहासमा गौरवमय अध्यायको रूपमा अङ्कित रहेको छ । महिला आन्दोलनको इतिहासले राष्ट्रले, राष्ट्रियता, सामाजिक, आर्थिक, सांस्कृतिक आदि क्षेत्रमा पुऱ्याएको योगदान महत्त्वपूर्ण मानिन्छ । खहरेको भेलमा एकै छिन उर्लिएर सुक्नुभन्दा विशाल सागरमा आफूलाई समाहित गर्नुको सार्थकता, औचित्य एवम् महत्त्व बेग्लै बन्दो छ । आशाका मधुरदीप जलाउँदै सम्भावनाका कठिन यात्रामा अगाडि हिँड्ने दमन र कुचेष्टाको जन्जिरलाई चुँडाल्दै अनन्त अधिकार र स्वतन्त्र विचार पोख्न कसैको आदेश लिइरहनु पर्दैन भन्ने अनुकरणीय उदाहरण बन्न सफल भएको छ नेपालको महिला आन्दोलन । स्वतन्त्रता र समानता कुनै पनि मुलुकको उन्मुक्त यौवन हो र यसलाई विसङ्गतिको पाङ्ग्रा बनाएर गुडाउने हो भने कहिल्यै उम्कन नसक्ने दलदलमा भासिन्छ । नेपाली महिला आन्दोलन वर्तमान यगको जीवित उदाहरण हो । समय बदलिए पनि, राजनैतिक परिवर्तन भइरहे पनि वा सामाजिक मूल्य र मान्यता फेरिइरहे पनि नेपाली महिलाहरूको यो आन्दोलन उल्लेख्य सहभागितामा चलि नै रहेको छ । यी सबैमा महिलाहरूकै उल्लेख्य सहभागिता देखिन्छ । यसबाट सिङ्गो नेपाली जनजीवनलाई विस्तारपूर्वक चियाउन सकिन्छ । विश्वको यस भूखण्डमा नेपाली महिलाको योगदान गर्वको विषय बनेको छ । नेपालको पुरुषप्रधान समाजमा महिलाका हक-अधिकार घरभित्रै सीमित जस्तै पारिएका छन् । विभिन्न आरोप लगाएर नारी अस्मितालाई धमिलो पार्ने दुस्साहस शिक्षित वर्गमा पनि प्रवृत्तिका रूपमा दिनपरदिन बढ्दो छ । हिंसा र विभेद अन्त्यका लागि शताब्दीयौँ अगाडिदेखि महिलाले कुनै न कुनै माध्यमबाट आन्दोलन गर्दै आएका छन् । नेपालको महिला आन्दोलन, महिलाको रूपान्तरण, हक-अधिकार स्वतन्त्रता र सार्वभौमिकताको साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गतिविधिबाट प्रभावित तथा संस्थागत रूपमा आबद्ध छ । प्रस्तुत लेख यसै विषयहरूसँग सम्बन्धित रही तयार पार्ने प्रयत्न भएको छ ।*

**विषय प्रवेश**

प्राचीनकालीन महिलाहरूको स्थिति सबल र सक्षम रहेको प्रमाण विश्व इतिहासले प्रस्ट पारेको छ । प्राचीन सनातन वैदिक हिन्दू विचारकहरूले समाजमा नारीको स्थान वैदिक कालतिर पुरुषकै समान रहेको पुष्टि गरेका छन् । स्मृतिकारहरूले पुरुष र नारीका सम्बन्धमा अनेक बन्देजहरू कायम गरेपछि पुरुषका तुलनामा नारीहरू क्रमशः सामाजिक नियम र कानूनको परिधिभित्र बाँधिँदै जान थाले । ऐतिहासिक प्रमाण प्राप्त लिच्छवि युगका अभिलेखहरूले तत्कालीन राजनीतिमा नारी सहभागिता हुने गरेको जानकारी दिएका छन् । राजा मानदेवको संवत ३८६ को चाँगुनारायणको अभिलेखमा आमा राज्यवतीको

* सह-प्राध्यापक, पाटन संयुक्त क्याम्पस, त्रिभुवन विश्वविद्यालय, पाटनढोका, ललितपुर, नेपाल

आज्ञाअनुसार राज्य सञ्चालन गरेको तथ्य उल्लेख छ । यसबाट प्राचीनकालमा नारीको स्थान महत्त्वपूर्ण रहेको थियो भन्ने पुष्टि हुन्छ । मध्यकालीन ऐतिहासिक स्रोतहरू र तत्कालीन घटनाहरूले नारीको (सती प्रथा, दास प्रथा, बाल विवाह, अनमेल विवाह, बहु विवाह आदि) स्थान क्रमशः खुम्चिँदै गएको प्रतीत हुन्छ, तर यस समयमा पनि कैयौं अवरोधहरू पार गर्दै देवलदेवी, नायकदेवी, राजल्लदेवी, लालमती, योगमती आदि ऐतिहासिक नारीको भूमिका महत्त्वपूर्ण रहेको मानिन्छ । आधुनिक कालमा राजकीय स्तरका चन्द्रप्रभावती, राजेन्द्रलक्ष्मी, राजराजेश्वरी, ललितत्रिपुरासन्दरी आदिको भूमिका उल्लेख्य मानिन्छ । यस्तै इन्द्रेनी थापा र सावित्री देवीहरूकै प्रेरणाले नालापानी र कांगडाको युद्ध लडिएको थियो । आफ्नो अधिकारबाट वञ्चित हुँदाहुँदै पनि यी वीराङ्गनाहरूले राष्ट्र, राष्ट्रियता र विदेशी सम्बन्धका बारेमा लिएको अडान नेपालको इतिहासमा स्वर्णक्षरले लेखिएको छ । यस्तै विश्वमा भेटिएका अति प्राचीन स्रोतहरूको आधारमा विद्वान्‌हरूले तत्कालीन समाज मातृसत्तात्मक रहेको र महिलाहरूलाई उच्च सम्मान दिइएको निष्कर्ष पाइन्छ । इजिप्ट बेबिलोनिया, रोम र साइवेरियाका महिलाहरूले १७ औं शताब्दीसम्म विशेष स्थान ओगटिरहेका थिए । विश्वभरमा परिवर्तनका नाउँमा क्रमशः महिलाहरूको हक-अधिकार हनन हुँदै जान थाल्यो (जुन, सन् १९९० : ९७) । आधुनिककालको प्रारम्भसँगै विश्वभरका महिला विभेदका शिकार बन्न पुगे । त्यसको प्रतिक्रियास्वरूप विश्वमा महिला हक-हितका लागि विविध आन्दोलनहरू कुनै न कुनै रूपमा आरम्भ हुन थाले ।

**विश्व महिला आन्दोलनको झलक**

महिलाले आफ्नो आर्थिक, राजनतिक अधिकार सुनिश्चितताका लागि अन्तर्राष्ट्रिय रूपमै सङ्घर्ष गरेको एक शताब्दी भइसक्यो । विश्व औद्योगिकीरणसँगै सङ्घर्ष गरेर समानता, सामाजिक न्याय, स्वतन्त्रता, हक-अधिकारको आवाज अन्तर्राष्ट्रिय महिला आन्दोलनको पृष्ठभूमि बन्यो । त्यसैको स्मरणमा सन् १९०० को प्रारम्भसँगै 'अन्तर्राष्ट्रिय महिला दिवस' मनाउन थालिएको देखिन्छ (राव १९९० : १०२) । महिलाहरूको स्थितिका बारेमा धेरै छलफल र बहस भएका छन् । त्यसै क्रममा अमेरिकाको न्यूयोर्क गार्मेन्टका मजदुर महिलाको अगुवाइमा उचित ज्याला, काम गर्ने समय र मतदान गर्न पाउनु पर्ने अधिकारको माग राखेर पन्ध्रहजार महिला सडकमा उत्रिए । २५ मार्चमा न्यूयोर्कको गार्मेन्ट कारखानामा आगो लाग्यो, जसमा काम गर्ने १४० भन्दा बढी महिलाले ज्यान गुमाए । यो दुःखद घटनाले महिलाको निरीह, असहाय एवं कारुणिक अवस्था पुष्टि गरेको थियो । यद्यपि महिलाहरूले आफ्नो अधिकार प्राप्तिको लागि आन्दोलन जारी नै राखे । त्यसैको प्रेरणा र पृष्ठभूमिमा अन्तर्राष्ट्रिय महिला आन्दोलन सशक्त र महत्त्वपूर्ण बन्दै गयो । लामो समयसम्म महिलाले राजनैतिक, सामाजिक एवं आर्थिक अधिकारका लागि गरेको अनवरत सङ्घर्ष अन्तर्राष्ट्रिय महत्त्वको विषय बन्न पुयो । संयुक्त राष्ट्र संघभित्र यस विषयले प्रमुख मुद्दाको रूप लियो र शिक्षित वर्गमा सनसनीपूर्ण बहस बन्यो । त्यसलाई हृदयङ्गम गरी सन् १९७५ लाई संयुक्त राष्ट्र संघले "अन्तर्राष्ट्रिय महिला वर्ष" को रूपमा मनायो । महिला आन्दोलनको इतिहास अध्ययन गर्ने हो भने महिला हक- अधिकारको पक्षमा आवाज उठाएकै कारण उनीहरू सामाजिक रूपमा बहिष्कृत र बलात्कृत समेत भएका धेरै उदाहरणहरू प्राप्त भएका छन् र त्यसबाट सीमान्तीकृत गरिएका छन् । त्यही सङ्घर्षका कारण वर्तमान समयमा महिलाको व्यक्तिगतदेखि सार्वजनिक जीवनसम्म क्रमगत रूपमा धेरै परिवर्तन आएका छन् । यो १९ औं शताब्दीदेखि सुरु भएको महिला आन्दोलनको परिणाम हो । तर अझैसम्म महिलाका समस्यातर्फ ध्यान केन्द्रित हुनसकेको छैन । (सिन्हा सन् १९९३ : ७०) एसियाली राष्ट्रहरूमा विशेष गरी दक्षिण एसियाली

क्षेत्रमा सामाजिक र आर्थिक विभेद बढी भएकोले महिलाहरू सामाजिक र सांस्कृतिक विभेदबाट पनि अत्यन्तै पिछडिएको अवस्थामा छन् । त्यसैले यस क्षेत्रका महिलाहरू अत्यन्तै पिछडिएको अवस्थामा छन् । यी क्षेत्रका महिलाहरू समान हक-अधिकार प्राप्तिका लागि आन्दोलित रहँदै आएको अवस्था विद्यमान छ ।

**नेपालको महिला आन्दोलन संक्षिप्त परिचय**

राणाकालको थालनीसँगै नेपाली महिलाहरू अधिकारका लागि राजनैतिक चेतनाका साथ सङ्घर्षमा सहभागी हुँदै जान थाले । वि.स. १९७४ मा योगमायादेवी र दिव्या कोइरालाले "नारी जागृति संघ" (महिला समिति) स्थापना गरी महिलाहरूमा चेतनजा जागृत गराउन प्रयास गरे (उपाध्याय २०५४, : १०८) । १९७४ मा काठमाडौँमा लक्ष्मी तुलाधर, सिद्धिलक्ष्मी अष्टकुमारी, चंचलादेवी आदिले राणा शासनको विरोधमा जनचेतना जगाउन गरेको प्रयास महत्त्वपूर्ण मानिन्छ । यस्तै वि.सं. १९९८ मा योगमायाको नेतृत्वमा उनका ६५ जना अनुयायीसमेतले सरकारलाई चेतावनी स्वरूप अरुण नदीमा जल समाधि लिई आत्महत्या गरेका थिए । वि.सं. १९९३ मा चन्द्रकान्ता मल्लले महिलाहरूले पढ्न पाउनुपर्छ भनी स्कूल खोल्ने आवाज उठाइन् र कामाक्षादेवी र दिलहरि श्रेष्ठले बनेपामा नारीहरूलाई पढाउन सुरु गरे । २००३ सालमा विराटनगरका महिला मजदुरहरूले समान कामको समान ज्याला, बराबर अधिकार, सुत्केरीको लागि विशेष सुविधा, शिक्षा, स्वास्थ्य, सुरक्षा आदिको माग राखी पुरुषको तुलनामा आन्दोलन अगाडि बढाए । काठमाडौँमा यही साल रेवन्तदेवी आचार्य र कमला मिलेर बालविवाह, बहुविबाहको अन्त गर्ने उद्देश्यले "आदर्श महिला संघ" स्थापना गरे । यस्तै २००४ सालमा काठमाडौँको म्हैपीमा मंगलादेवी, साधना प्रधान, स्नेहलता आदि महिलाहरूले सर्वसम्मतिबाट "नेपाल महिला संघ" गठन गरे । (प्रधान २०४७ : १०७) ।

नेपाली महिलाको आन्दोलनको परिणाम २००४ सालको वैधानिक कानुनले निर्वाचनमा मतदान दिन पाउने र उम्मेदवारका रूपमा उपस्थित हुन पाउने अधिकार प्राप्त गरे । २००७ सालको जनक्रान्तिमा पुरुषहरूका साथसाथै विमन सेल बनाई महिलाहरू ऐक्यबद्ध भई आन्दोलनको अगुवाई गरे । अन्तरिम शासन विधान-२००७ मा पनि लिखित रूपमा महिलाहरूको अधिकारबारे उल्लेख गरिएको छ । यो शासन विधानमा उल्लेख भएअनुसार महिला सम्बन्धमा लेखिएको नेपालको पहिलो दस्तावेजको रूपमा दर्ता हुनपुग्यो । (शान्ता श्रेष्ठसँगको अन्तर्वार्तामा आधारित) पञ्चायत कालमा पनि महिलाले आफ्ना हक र अधिकार प्राप्तिका लागि विभिन्न प्रकृतिबाट सकेसम्म आवाज बुलन्द गरिरहे । २०१९ सालमा नेपालको संविधान निर्माण भयो र महिला संगठनकै रूपमा एक निकायको रूपमा सहभागी हुने भनी संविधानमा व्यवस्था गरियो । २०२० सालमा संशोधित मुलुकी ऐनको घोषणा भयो- बालविवाह, बहुविवाह र अनमेलविवाहमाथि प्रतिबन्ध लगाइयो । जसले गर्दा महिलामाथि भई आएका केही दमनलाई समाधान गरिदियो । तत्कालीन पञ्चायती सरकारले २०३२ सालमा अन्तर्राष्ट्रिय नारी वर्ष धुमधाम रूपले मनाउने घोषणा गर्‍यो । उक्त अवसरमा स्थानीय निकायमा ४००० महिलाहरूलाई सामेल गरिएको थियो । (पञ्चायत २०४३ : २४०) । नेपालजस्तो सानो आकृतिको देशमा २०३२, ०३६, ०४२, ०४६, ०६२/६३ आदि समयमा भएका निर्णायक आन्दोलनमा नेपाली महिलाको सक्रिय सहभागिता रहेको पाइन्छ । राजनीतिक परिवर्तनपश्चात् पनि नेपाललाई नवनिर्माण गर्ने नारा भए पनि पितृसत्तात्मक सोचकै बाहुल्य भएको हुँदा विद्यमान सरकारले महिलालाई पन्छाउने कार्यलाई निरन्तरता दिएको कुरा व्यवहारबाट देखिन्छ । पुनः स्थापित संसदले महिलालाई राज्यका सबै संरचनामा ३३ प्रतिशत सहभागिता

सुनिश्चित गर्ने घोषणा गरे पनि त्यसको कार्यान्वयन पक्षमा सरकारले ध्यान दिएको छैन । पछिल्लो समयमा देशभरिका महिलाहरू एक ठाउँमा जम्मा भए । "न्यायपूर्ण समानता र सामाजिक न्यायका लागि महिला बडापत्र" नामक महत्त्वपूर्ण दस्तावेज तयार गरे । फलस्वरूप जनसंख्याको अनुपातमा समानुपातिक समावेशी सहभागिताको अगाडि ल्याइयो । यद्यपि ३३ प्रतिशत भने पनि ३० प्रतिशत सहभागितामा महिलाहरू सीमित हुन पुगेको वर्तमान स्थिति छ । यस स्थितिमा महिला आन्दोलन अत्यन्त सचेत भएर अगाडि बढ्नु पर्ने वर्तमान परिस्थितिले निर्देशित गरेको छ ।

**नेपाली महिलाको वर्तमान अवस्था**

वैदिक कालमा नारी-पुरुष समान रहेको कुरा र पछिका परिस्थितिमा पुरुषको बाह्य महत्त्व बढ्दै गएको कुरा माथिका पृष्ठभूमिमा उल्लेख गरिसकिएको छ । त्यसको स्थानीय प्रभावस्वरूप हेर्दा नेपालको पुरुषप्रधानवादी परम्पराले महिलालाई व्यावहारिक रूपमा विभेद गरिरहेको आभास भइरहेको छ । धर्मशास्त्रले महिला र पुरुषबीच विभेद नगरे तापनि धर्मका व्याख्याकारहरूले शास्त्रका नीतिहरूको गलत अर्थ लगाएर विभेदको बीउ छरिदिएको परिचर्चा गरिँदै छ । नारी-पुरुष एकै रथका दुई पाङ्ग्रा भएको इतिहास मानव सभ्यताको नारी-पुरुषको समान भूमिकाको सजीव चित्रण हो । इतिहास निर्माणमा महिला-पुरुषको समान स्थान रहे तापनि व्यवहारमा भने पक्षपात भएको मूल्याङ्कन गरिएको छ । किनकि महिलाको सार्वजनिक रूपमा सामाजिक निर्णायक भूमिका प्रायः न्यून देखाइएको छ । मानव अधिकारको दृष्टिले महिला-पुरुष समान हुन्छन्, तर पितृसत्तात्मक संरचनाबाट हालसम्म जकडिएको नेपालको आर्थिक, सामाजिक तथा राजनैतिक अवस्थाले महिला र पुरुषलाई दिइने फरक मान्यता र व्यावहारका कारण महिलाहरू पुरुषभन्दा पछाडि पारिएको स्थिति छ (घिमिरे २०६५: १३) । त्यसरी समानताको बाह्य परिभाषाबाट हेर्दा महिलाहरूको मानव अधिकार हनन भएको प्रतीत हुन्छ । जनसंख्याको अनुपातमा महिलको समानुपातिक समावेशसम्म पनि कार्यान्वयन हुनसकेको छैन । महिलाको वंशका आधिकारहरू, हिंसामुक्त भई सामाजिक सुरक्षासहित बाँच्न पाउने अधिकार, शरीर, बुद्धि र निर्णयमाथिको आफ्नो अधिकारजस्ता आधारभूत अधिकारहरूले आवश्यक चर्चा एवम् स्थान पाउन सकेका छैनन् । छाउपडी, देउकी, हलिया, कमैया, बोक्सी, कुमारीप्रथा, पर्दाप्रथा, आनी बन्ने आदिजस्ता कुसंस्कारबाट महिलाहरू पीडितै छन् । राजनैतिक, सामाजिक र आर्थिक शोषणको शिकार भएका महिलाले आफ्नो घर, समाज, राष्ट्र र अन्तर्राष्ट्रिय क्षेत्रलाई स्वस्थ, शान्त, सुखमय र उत्तोतर प्रगतिशील बनाउने काममा पुऱ्याएको योगदानको व्याख्या गरिरहनु परोइन । कुल जनसङ्ख्याको आधाभन्दा बढी हिस्सा ओगटेका महिलाहरू राज्यको हरेक सुविधा र अवसरहरूबाट टाढा छन् । चलअचल सम्पत्तिमा उनीहरूले हकदावी गर्न सक्ने कानुनी रूपको सुरक्षा प्राप्त भएको छैन (राष्ट्रिय महिला आयोगको प्रतिवेदन २०६४) । समाजमा परम्परादेखि चलिरहेको बोक्सीजस्ता कुप्रथाबाट महिलाहरू प्रताडित हुने क्रम अझै रोकिएको छैन । एकल एवम् विधवा महिलाहरू व्यावहारिक झमेला र मानसिक तनावबाट झन् ग्रस्त हुँदै गएका छन् (एकल महिला समूहको प्रतिवेदन २०६५) । त्यसैगरी कुनै धर्म, सम्प्रदायको प्रचारको माध्यम युवती रूपवती नारीलाई बनाएर आकर्षण गर्ने परम्परा पनि बढ्दो गतिमा छ, साथै विज्ञापन गर्ने संस्थाबाट पनि नारी शरीरको नग्न चित्र प्रस्तुत गर्ने परम्परा बढ्दो छ ।

जनआन्दोलन २०६२/६३ पश्चात् पुनर्स्थापित प्रतिनिधि सभाले २०६३ जेठ ४ गते गरेको घोषणालाई नेपाली महिलाको अधिकार स्थापित गर्ने फैसला मान्न सकिन्छ । उक्त घोषणामार्फत महिलालाई राज्यका हरेक तहमा ३३ प्रतिशत आरक्षण र आमाको नामबाट पनि नागरिकता पाउन सकिने प्रतिबद्धता व्यक्त गरियो । त्यो घोषणा भए यता राजनीतिक, सेना, प्रहरी, प्रशासन लगायत राज्यका हरेक क्षेत्रमा महिलाको आरक्षणलाई महत्त्व दिइएको छ । यद्यपि यो आरक्षणसम्बन्धी स्पष्ट कानुनी व्यवस्था हुन नसकेका कारण ३३ प्रतिशत आरक्षण कार्यान्वयन गर्ने समयमा अन्यौल कायमै रहेको स्थिति छ । अन्तरिम त्रिवर्षीय योजना २०६४ को अध्याय आठमा लैङ्गिक मूलप्रवाहीकरण तथा समावेशीकरण नाम दिएर महिलासम्बन्धी नयाँ योजना अघि सार्ने काम भएको छ (अन्तरिम त्रिवर्षीय योजना २०६४) । यस योजनामा महिला विकासका मुख्य ६ वटा कार्यक्रमहरू उल्लेख गरिएको छ, ती हुन्- (१) महिला सशक्तीकरण कार्यक्रम, (२) महिला विकास कार्यक्रम, (३) लैङ्गिक समानता तथा महिला सहभागिता, (४) महिला अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय र क्षेत्रीय इन्स्ट्रुमेन्टको कार्यान्वयन, अनुगमन तथा प्रतिवेदन, (५) महिला सशक्तीकरण संयन्त्रको क्षमता अभिवृद्धि कार्यक्रम, (६) योजना अवधिमा १ अरब ५८ करोड ७४ लाख रुपैयाँ खर्च गर्ने लक्ष्य । दस्तावेजमा उल्लिखित कार्यक्रमलाई कार्यान्वयन गर्न सकियो भने मात्र नेपालको लैङ्गिक विकासले छलाङ मार्ने सम्भावना पनि छ र यद्यपि यो सम्भावना वास्तविक धरातलबाट धेरै टाढा रहने हो कि भन्ने आशङ्का पैदा गरिदिएको छ ।

**संविधानमा समेटिनु पर्ने महिला मुद्दा**

संसारका प्रत्येक राष्ट्रको निर्माणमा महिलाहरू देशको आधा जनसंख्याको भूमिका निर्वाह गर्ने महत्त्वपूर्ण अङ्ग हो । संविधानले महिलालाई न्याय गर्न सकेन भने त्यो कुनै पनि मापदण्डबाट अग्रगामी संविधान हुनसक्दैन । समानताको दृष्टिले संविधान लैङ्गिक मैत्रीपूर्ण हुनु आवश्यक छ । शब्द चयनमा ध्यान दिएर संविधान बनाउन सके महिलालाई समेत सहज हुनेछ । संविधान बनाउन निम्न विषयहरूमा जोड दिनु पर्ने आवश्यकता देखिन्छ- नागरिकता प्राप्त गर्ने र प्रदान गर्ने, विवाह, सम्बन्धविच्छेद, बच्चा जम्माउने, गर्भपतन, प्रजनन स्वास्थ्य, सम्पत्तिमा अधिकार, शिक्षा, रोजगार, जीउ, आवास र चरित्र सुनिश्चित हुनुपर्ने, विभिन्न प्रथा, परम्परा र संस्कारको नाममा महिलामाथि हुने शोषण र हिंसाको अन्त्य, घरायसी हिंसा, घरभित्र गर्ने श्रमको सही मूल्याङ्कन, विधवा तथा एकल महिलासम्बन्धी नीति नियम आदि । संविधानले महिलाको आर्थिक, सामाजिक र राजनीतिक अधिकारको पूर्णरूपमा सुनिश्चितता गर्नुपर्दछ । महिला भएकै कारणले महिलामाथि हुने शोषण र हिंसा अन्त्य गर्ने र पीडित न्यायप्रणालीमा आधारित कानुनी व्यवस्था निर्माण गर्ने ग्यारेन्टी पनि संविधानले गर्नुपर्दछ । मानव बेचबिखन तथा ओसारपारजस्ता शोषणलाई रोक्ने स्पष्ट व्यवस्था संविधानले नै गर्नुपर्दछ । घरभित्र र निजी क्षेत्रमा हुने हिंसामा राज्यलाई उत्तरदायी बनाउने संवैधानिक संरचनाको आवश्यकता छ र निर्णायक तहमा महिला सहभागिताको सुनिश्चितता गर्नुपर्दछ । महिला सहभागिताबाट सम्बन्धित राष्ट्रको पहिचान रक्षामा पनि योगदान पुऱ्याउन सक्ने किसिमको हुनुपर्ने देखिन्छ ।

**उपसंहार**

महिलालाई आर्थिक रूपमा सशक्त तुल्याएर तथा राजनीतिमा प्राथमिकता दिएर र उनीहरूको कानुनी अधिकार कायम गरेर मात्र लैङ्गिक समानता कायम गर्न सकिन्छ । बालिकाको शिक्षामा बढी लगानी गर्न जन्मदर नियन्त्रणका उपाय सर्वसुलभ र आवश्यक देखिन्छ । सन् १९९४ मा संयुक्त राष्ट्र संघको महासभाले महिला समानतासम्बन्धी सम्मेलन गरेर ठूलै कदम चाले तापनि धेरै समस्या बाँकी रहेको तथ्य हालै प्रकाशित प्रतिवेदनमा

उल्लेख छ । यसले विश्वका सरकारलाई एकपटक गम्भीर भएर सोच्ने अवस्थामा पुऱ्याएको छ । महिलाले शिक्षा स्वास्थ्य तथा यौनसुखका साथै समान यौनव्यवहार प्राप्त गरे दण्डहीनता र महिलाहिंसामा कमी आउन सक्छ । राजनीतिक, सामाजिक आर्थिक र सांस्कृतिक अधिकारका साथै वर्गीय विश्लेषण गर्दै वर्गीय मुद्दालाई सम्बोधन गरेर महिलको यौन, प्रजनन र उत्पादनमा नियन्त्रणलाई प्राथमिकता दिनु समयको माग हो ।

**सन्दर्भ कृतिसूची**


घिमिरे, ओमप्रकाश. २०६५. *महिलाका मुद्दामा छापा माध्यम.* प्रशान्ति प्रकाशन, काठमाडौं ।

जुन, हनाम. १९९७. *ओमेन हिस्ट्री एन्ड प्रोटेन्ट, ओमेन स्टडिज.* (दो.सं.), मेकमिलन प्रेस प्रा.लि., लण्डन ।

थापा, कृष्णबहादु. १९८५. *ओमेन एन्ड शोसियल चेन्ज इन नेपाल.* अम्बिका थापा, काठमाडौं ।

देवकोटा, ग्रीष्मबहादुर. २०१६. *नेपालको राजनीतिक दर्पण.* पहिलो भाग, काठमाडौं ।

प्रधान, भुवनलाल. २०४७. *नेपालको जनक्रान्ति-२००७.* रुमु प्रकाशन, काठमाडौं ।

पोखरेल, शान्त. १९८२. *नेप्लिज ओमेन.* ऋद्धिचरण पोखरेल, काठमाडौं ।

*पंचायत स्मारिका.* २०४३. रजत जयन्ती महोत्सव केन्द्रीय समन्वय समिति, काठमाडौं ।

*व्यवस्थापिका संसद सचिवालय.* २०६६. काठमाडौं ।

*महिला र मिडिया.* २०६०. अस्मिता प्रकाशन गृह, काठमाडौं ।

*महिलाहरूका लागि मानव अधिकार प्रशिक्षण सहभागी पुस्तक.* २०५४. एमनेस्टी इन्टरनेसनल, काठमाडौं ।

*माइती नेपालको प्रतिवेदन.* २०६४. नेपाल ।

*राष्ट्रिय महिला आयोगको प्रतिवेदन.* २०६४. काठमाडौं ।

राव, क्षेत्रमूर्ति भाष्कर. १९९०. *इन्टरनेशन इनसाइक्लोपेडिया अफ ओमन.* भोलम तीन, डिस्कभरी पब्लिसिङ हाउस, न्यू दिल्ली ।

सर्वोच्च अदालत. २०६६. *कानुन पत्रिका र वेवसाइट.* काठमाडौं ।

*समावेशी मिडिया.* २०६४. मार्टिन चौतारी, काठमाडौं ।

सिन्हा, अन्जना. १९९३. *ओमेन इन अ चेन्जिङ सोसाइटी.* न्यू दिल्ली ।

सिंह, मंगला देवी. २०५१. *नारी सङ्घर्षका पाइलाहरू.* पी.एल सिंह, काठमाडौं ।

स्ट्रोभकविस्त, लेली पी. १९८८. *ओमेन इन द वर्ल्ड.* गैरलैन्ड पब्लिसिङ इनकर्पोरेट, अमेरिका ।

*संचारिका समूहको प्रतिवेदन.* २०६२. नेपाल ।

शर्मा, बालचन्द्र. २०२२. *नेपालको ऐतिहासिक रूपरेखा.* वाराणसी, १ ।

श्रेष्ठ, कपिल. २००१. *ओमेन्स पोलिटिकल पार्टिसियन इन प्रस्पेक्टिभ एन्ड च्यालेन्ज.* ओमेन्स स्टडिज प्रोग्राम, काठमाडौं ।